

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १९१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन ११ गते बुधबार ❑ 27 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## नेपाल-चीन सम्बन्ध द्विपक्षीय हितका लागि हुनुपर्ने विज्ञको सुझाव

**रासस**
**काठमाडौं, १० साउन**

नेपाल-चीन सम्बन्ध ऐतिहासिक, सौहाद्रपूर्ण रहेको र उक्त सम्बन्ध द्विपक्षीय हितका लागि हुनुपर्ने विज्ञहरुले सुझाव दिएका छन् ।

फ्रेन्सड्स अफ सिल्क रोड क्लब नेपालको आयोजनामा ' हिमाल पारीको मित्रता' विषयक आज भएको कार्यक्रममा परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठले नेपाल र चीनबीचको सम्बन्धलाई द्विपक्षीय रुपमा अगाडि बढाउँदा दुई देशबीचको सम्बन्ध अझ बलियो हुने सुझाव दिनुभयो । नेपालले लिएको एक चीन नीतिलाई अपनाउँदै दुई पक्षीय हितका लागि काम गर्नुपर्ने उहाँको भनाइ थियो ।

पूर्व पूर्वगर्भनर डा दीपेन्द्रबहादुर क्षेत्रीले नेपालका सबै राजनीतिक दल मिलेर छिमेकी तथा दातृ राष्ट्रका लागि एउटा आर्थिक र परराष्ट्र नीति बनाउनुपर्ने बताउनुभयो । नेपालको सम्पूर्ण शक्ति राजनीतिक परिर्वतनमा लागेको हुँदा अन्य महत्वपूर्ण विषय छुटेको उल्लेख गर्दै उहाँले सबै दलको सहमतिमा साझा आर्थिक र परराष्ट्र नीति बनाउनुपर्नेमा जोड दिनुभयो ।

श्रीलङ्काका लागि नेपाली राजदूत वासुदेव मिश्रले नेपाल चीनबीचका सम्बन्ध थप बलियो बन्दै गएको र आगामी दिनमा थप प्रगाढ बनाउन चीन सरकारले गरेको सहयोगलाई ध्यानमा राख्नुपर्ने बताउनुभयो । क्लबका महासचिव डा कल्याणराज शर्माले चीनबाट हालै भएको भ्रमणको विकासको बारेमा छलफल गर्न, द्विपक्षीय सम्बन्ध सुधार गर्ने तरिकाहरू अन्वेषण गर्न र राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक ज्ञान तथा अनुभव आदानप्रदान गर्न सक्षम बनाउने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरेको जानकारी गराउनुभयो ।

## "हामी निर्वाचनको आन्तरिक तयारीमा लागि सकेका छौँ ": प्रमुख निर्वाचन आयुक्त

**रासस**
**काठमाडौं, १० साउन**

निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन एकै चरणमा सम्पन्न गर्ने गरी सरकारलाई सिफारिस गरिसकेको बताउनुभएको छ ।

आयोगले मंगलबार गरेको पत्रकार सम्मेलनमा उहाँले निर्वाचन एकै चरणमा सम्पन्न गर्ने गरी मङ्सिर ४ गतेका लागि सरकारलाई मिति सिफारिस गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामी निर्वाचनको आन्तरिक तयारीमा लागि सकेका छौँ ।" उहाँले सरकारले उपकरण उपलब्ध गराउने भए आयोगले आगामी निर्वाचनमा विद्युतीय मतदान गराउने बताउनुभयो ।

प्रमुख निर्वाचन आयुक्त थपलियाले स्थानीय तह निर्वाचनमा खर्च नबुझाउनेलाई कारबाही गर्ने बताउनुभयो । उहाँले एक लाख ५६ हजार उम्मेदवार रहेकामध्ये एक लाख उम्मेदवारले खर्च विवरण नबुझाएकाले कारबाही गर्ने तयारी गरिएको बताउनुभयो । आयोगले खर्च विवरण सङ्कलन गरिरहेको भन्दै नबुझाउने, तोकिएको समयमा नबुझाउने र समयमा बुझाए पनि खर्च सीमाभित्र नबुझाउनेलाई आयोगले पाँचवटा टोली गठन गरी छानबिन गरिरहेको उहाँको भनाइ रहेको छ । निर्वाचनको परिमाण भएको एक महिनाभित्र खर्च विवरण बुझाउनुपर्दछ । उहाँले देशभरि नै अनलाइन मतदाता नामावली सङ्कलन गर्ने बताउनुभयो । उहाँले आगामी निर्वाचनमा स्थानीय तहमा प्रयोग गरिएका निर्वाचन सामग्री प्रयोग गर्ने बताउनुभयो । "विसं २०७० को मतपेटिका अहिले पनि हामीले प्रयोग गरेका हौ । अहिले पनि ७७ जिल्ला निर्वाचन कार्यालयमा आगामी निर्वाचनमा प्रयोग गर्ने के कस्ता सामग्री छन् त्यसको विवरण पठाउन भनेका छौँ", उहाँले भन्नुभयो, "आगामी निर्वाचनमा पनि थुप्रै निर्वाचन सामग्री प्रयोग गर्न सकिने छ ।"

आगामी निर्वाचनका लागि मतदाता शिक्षाका लागि विद्युतीय मिडियाको प्रयोग गरिने उहाँले बताउनुभयो । प्रमुख निर्वाचन आयुक्त थपलियाले स्थानीय तहको निर्वाचनको तुलनामा आगामी निर्वाचन भने खर्चिलो हुने बताउनुभयो । "स्थानीय तहको निर्वाचन एकथरिका दुई करोड मतपत्र छापेका थियौँ । अबको निर्वाचन चार थरिका आठ करोड मतपेटिका छाप्नुपर्ने हुन्छ", उहाँले भन्नुभयो, "स्थानीय तहभन्दा आगामी निर्वाचनमा खर्च बढ्छ ।"

उहाँले आगामी निर्वाचनमा मतदान केन्द्रको पुनरावलोकन गरिने बताउनुभयो । उहाँले सर्वोच्च अदालतकोआदेशअनुसारअस्थायी मतदाता पनि आगामी निर्वाचनमा हुने बताउनुभयो ।

कारागारका कैदी, कर्मचारी, निर्वाचनका काममा खटिएका कर्मचारी पनि मतदानमा सहभागी गराइने उहाँको भनाइ रहेको थियो । अन्तिम नामावाली प्रकाशित गरेपछि मात्र अस्थायी मतदाताको नामा पनि प्रकाशित गरिने उहाँले बताउनुभयो ।

## पोखराबारे लेखिएका कविता अब एकै ठाउँमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १० साउन**

पोखरालाई विषय बनाएर लेखिएका कविता अब एकै ठाउँमा पढ्न पाइने भएको छ ।

सो अवसर उच्च अदालत पोखराका कायम मुकायम मुख्य न्यायाधीश डिल्लीराज आचार्यले जुराइदिएका हुन् । २०६८ सालमा जागिरको सिलसिलामा पोखरा रहँदादेखि आफूले संकलन गरेका र लेखेका कवितालाई एकीकृत रुप दिँदै आएका आचार्यले पुनः पोखरा सरुवा भएको अवसरमा काव्यरसमा पोखरा नाम दिएर उक्त कृवितासङ्ग्रहलाई आफ्नो जन्मदिन पारेर साउन ९ गते पोखरामा लोकार्पण गरेका हुन् ।



कार्यक्रमका विशेष अतिथित्रय पोखरा महानगरपालिकाका नगर प्रमुख धनराज आचार्य, नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका पूर्व कुलपति सरुभक्त, प्रतिष्ठानकै संस्थापक सदस्यसचिव तीर्थ श्रेष्ठले संयुक्त रुपमा कृतिको लोकार्पण गरे । महानगरप्रमुख धनराज आचार्यले न्याय क्षेत्रमा क्रियाशील व्यक्तिले पोखरालाई कर्म थलो बनाएको बेलामा गरिएको चिन्तन स्तुत्य र पोखराबारे लेखिएका सबै कविता एकै ठाउँमा पढ्ने अवसर मिलाएर ठूलो गुन लगाएको बताए । मेयर आचार्यले १८ महानगरपालिका आउने पुस्तालाई हिजो देखाउन सक्ने गरी अगाडि बढिरहेको जानकारी पनि दिए । मेयर आचार्यले भने- काव्यरसमा पोखरा समालोचना गर्ने विषय होइन, पोखरालाई सबै हिसाबले सबल तुल्याउन, सबै बिम्बलाई प्रयोग गर्न हामी सबै लाग्न आवश्यक छ ।' मेयर आचार्यले उलक परिवारले उहिलेको पोखरालाई फोटोग्राफीमाफत देखाइरहेको बेला डिल्लीराजको कविता कृति पनि आगामी पुस्ताका लागि नयाँ प्राप्ति हुने धारणा राखे । नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका पूर्व कुलपति सरुभक्तले पोखराबारे लेखिएका कवितालाई यसरी लोकार्पण गर्न पाउँदा खुसी लागेको धारणा राख्दै पोखराले सबैलाई कवि बन्न प्रेरित गरेको उल्लेख गरे । नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका संस्थापक सदस्यसचिव तीर्थ श्रेष्ठले आफूँले ५० वर्ष पछिको पोखरा मोदी, मादी र आँधी बीचको पोखरा हुने आँकलन गरेको बताए । श्रेष्ठले पोखरा सबैको मनको पोखरा भएकाले गण्डकी प्रदेशका जुनसुकै जिल्लाका व्यक्तिले स्थान चिनारी दिँदा पोखरा भन्न रुचाएकोमा खुसी व्यक्त गरे । कृतिका स्रष्टा डिल्लीराज आचार्यले पोखराको साहित्य, कला र संगीतका माध्यमबाट उल्लेख्य आयआर्जन गर्न सकिने भएकाले त्यतातर्फ पनि ध्यान दिन महानगरलाई सुझाए । स्रष्टा आचार्यले यो संस्करणमा भएका कमी कमजोरीलाई सुधार्दै आगामी संस्करणलाई सघाउन पोखरावासीलाई आग्रह गरेका थिए । कृतिबारे पाठकीय टिप्पणी राख्दै डा जगन्नाथ रेग्मीले कृतिमा २०१० को दशकदेखि ७८ सालसम्मका अग्रज, अनुज र समकालीन कविका कविता रहेकाले ग्रन्थ सङ्ग्रहणीय रहेको बताए । एउटै कृतिमा पोखराबारे लेखिएका गद्य-पद्य दुवै संरचनाका रचनाले पाठकलाई कृति पठनीय बनाएको उनको धारणा थियो । कार्यक्रममा सगरमाथा आरोही अधिवक्ता विष्णु भुषाल, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज अनेसास गण्डकी अध्यक्ष दुर्गा शाह बाबा, दाङ-पोखरा सम्पर्क समाजकी अध्यक्ष राधा केसीलगायतले बोलेका थिए ।

उक्त कार्यक्रमका लागि असम गुवाहाटीकी नेपाली भाषी साहित्यकार नीता गुरुङकातर्फबाट प्राप्त सम्मान तथा शुभकामना सन्देशसमेत कार्यक्रममा सुनाइएको थियो भने दाङ पोखरा-सम्पर्क समाजले स्रष्टा डिल्लीराज आचार्यलाई जन्मदिनको शुभकामनासहित सम्मान गरेको थियो । कार्यक्रमको सञ्चालन मावनअधिकार पत्रकार संघ हुर्जा गण्डकीका अध्यक्ष असफल गौतमले गरेका थिए ।

## मङ्कीपक्सको जोखिम न्यूनीकरण गर्न सरकारको ध्यानाकर्षण

**रासस**
**काठमाडौं, १० साउन**

प्रतिनिधिसभाको आजको बैठकमा नेकपा (एमाले) का सचिव योगेशकुमार भट्टराईले विश्वलाई आक्रान्त बनाइरहेको मङ्कीपक्सको जोखिम नेपालमा हुन नदिन आवश्यक पूर्व तयारी अपनाउन सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

बैठकमा महत्वपूर्ण सार्वजनिक महत्वको विषयबारे समय मागेर बोल्दै उहाँले मङ्कीपक्स जनस्तरमा सचेतना फैलाउन र सीमा नाकामा कडाइ गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको हो । "मङ्कीपक्सले विकसित मुलुकलाई आक्रान्त तुल्याएको छ । नेपाल सरकारले यसबारे सार्वजनिक ढङ्गले सुसूचित गरेको छैन । सीमामा साइनबोर्ड, विमानस्थलमा सचेतना सन्देश राखिएको छैन । खुला सिमाना भएकाले भारतमा समेत देखिइसकेकाले बेलैमा पूर्व तयारी र आवश्यक सतर्कता अपनाउन सरकारसमक्ष माग गर्दछु", सांसद भट्टराईले भन्नुभयो । उहाँले काठमाडौँ उपत्यकामाहैजाकोजोखिमबढेको भन्दै आवश्यक सुरक्षा सतर्कता अपनाउनेबारे सरोकारवाला निकायकोध्यानाकर्षणगराउनुभयो। काठमाडौँ उपत्यकामा ३४ जना हैजाका बिरामी भेटिइसकेका छन् भन्दै उहाँले समुदायस्तरमा हैजाको महामारीको रुप लिन नदिन राजधानी उपत्यकाका सबै खानेपानी र पिउने पानीका मुहानको गुणस्तरमापन परीक्षण गरेर जनस्तरमा सचेतना फैलाउन जरुरी भएको उल्लेख गर्नुभयो ।

सांसद भट्टराईले कोभिडको नयाँ प्रजाति देखिएकाले त्यसको नियन्त्रणबारे सदनलाई जानकारी गराउन सरकार समक्ष माग गर्नुभयो ।

सांसद खगराज अधिकारीले अमेरिकी स्टेट पार्टनर्ससिप प्रोग्राम (एसपीपी) मा सहभागी नहुने भनेर पत्र पठाइएको विषयबारे सदनलाई जानकारी गराउन माग गर्नुभयो । सांसद अञ्जना विशङ्खे, अम्रिता थापा मगरलगायतले अष्ट्रेलियामा भइरहेको आइपिएसको अन्तर ाष्ट्रिय सम्मेलनमा नेपालका प्रधान सेनापतिलाई कसरी पठाइयो भनी प्रश्न गर्नुभयो ।

## ग्रामीण क्षेत्रको विकास सरकारको प्राथमिकतामा : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**तनहुँ, १० साउन**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले गाउँको विकास नै देश विकासको जग भएको बताउनुभएको छ ।

तनहुँको व्यास नगरपालिका-१३ र १४ का विभिन्न ठाउँमा आज आयोजित कार्यकर्ता भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै वरिष्ठ नेता पौडेलले ग्रामीण क्षेत्रको विकासलाई सरकारले प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

गाउँमै रोजगारी र गाउँमै आम्दानी भएमात्रै गाउँमा मानिस बस्ने भएकाले अबको प्राथमिकता त्यसतर्फ हुनुपर्ने वरिष्ठ नेता पौडेलको भनाइ थियो । "रोजगारी र सुविधा खोज्दै सहरमा बसाइँसराइ बढेपछि गाउँ रित्तो हुने अवस्थामा पुगेको छ, अब गाउँमै रोजगारी र आम्दानीको अवसर सिर्जना गराएर गाउँमै बसूँ बसूँ बनाउनेतर्फ लाग्नुपर्छ", उहाँले भन्नुभयो । गाउँको विकास आफ्नो एकमात्र लक्ष्य रहेको वरिष्ठ नेता पौडेलले बताउनुभयो । "तनहुँका ग्रामीण क्षेत्रमा मेरो नेतृत्वमा विकासका योजना सुरु भएको हो, त्यसलाई पूरा गराउने जिम्मेवारी पनि मेरो हो, अधुरा योजना पूरा गराउनेतर्फ लागेको छु", उहाँले भन्नुभयो ।

फरक प्रसङ्गमा वरिष्ठ नेता पौडेलले पाँच दलीय गठबन्धन देशको आवश्यकता रहेको जिकिर गर्नुभयो । उहाँले संविधानको रक्षाका लागि गठबन्धन गरिएको भन्दै त्यसलाई निरन्तरता दिइने बताउनुभयो । गण्डकी प्रदेशसभा सदस्य सरिता गुरुङ, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेलगायतले कांग्रेसको नेतृत्वमा विकास अभियानले पूर्णता पाउने बताउनुभयो । यही साउन ८ गतेदेखि गृहजिल्लामा रहनुभएका पौडेलले विभिन्न ठाउँमा जनतासँग भेटघाट गर्नुभएको छ । पौडेलले सोमबार व्यास-७ को कलेस्ती, छापथोक, मेवाबारी, जौबारी र गैह्रीस्वाँरा तथा भानु नगरपालिका-१३ को पोखरीछाप, टुटेपानी, बाँसपानी, बयापानी, ओख्ले, रायपाली, अर्चले, रतनपुर, आहालेमा जनतासँग भेटघाट गर्नुभएको थियो ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# स्थानीय तहमा ४१ प्रतिशत युवा निर्वाचित

**रासस**
**काठमाडौं, १० साउन**

गत वैशाखमा भएको स्थानीय तहको निर्वाचनमा ४१ दशमलव १४ प्रतिशत युवा निर्वाचित भएका छन् ।

निर्वाचन आयोगले सार्वजनिक गरेको तथ्याङ्कअनुसार २१ देखि ४० वर्ष उमेर समूहका युवा १४ हजार ४४२ अर्थात् ४१ दशमलव १४ प्रतिशत युवा निर्वाचित भएका छन् । प्रमुखमा ३७, उपप्रमुखमा ९५, अध्यक्षमा १०६, उपाध्यक्षमा दुई सय ३४ युवा निर्वाचित हुनुभएको थियो । नेपालमा १६ देखि ४० वर्ष उमेर समूहलाई युवा मान्ने गरिन्छ । वडाध्यक्षमा दुई हजार तीन सय १२, महिला सदस्यमा तीन हजार दुई सय ३३, दलित महिला सदस्यमा तीन हजार छ सय ६ र सदस्यमा चार हजार ८१९ निर्वाचित हुनुभएको छ ।

४१ देखि ६० वर्षका ५२ दशमलव २७ प्रतिशत, ६१ देखि ८० वर्षका ६ दशमलव ५२ प्रतिशत र ८० भन्दा माथिका शून्य दशमलव ०४८ प्रतिशत निर्वाचित भएका छन् ।

आयोगका अनुसार ४१ देखि ६० वर्ष उमेर समूहका १८ हजार तीन सय ४७ र ६१ देखि ८० वर्ष उमेर समूहका ज्येष्ठ नागरिक दुई हजार दुई सय ९१ निर्वाचित हुनुभएको आयोगले जनाएको छ । यसैगरी ८० वर्षभन्दा माथिका १७ निर्वाचित हुनुभएको छ । वडाध्यक्ष तीन, चार दलित महिला सदस्य र १० वडा सदस्यमा निर्वाचित हुनुभएको छ । निर्वाचनमा कूल ३५ हजार ९७ जनप्रतिनिधि निर्वाचित हुनुभएको छ ।

# नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका सबै खेल गण्डकी प्रदेशमै गर्नुपर्ने प्रदेशबासीको माग

**पोखरापत्र संवाददाता**
**पोखरा, १० साउन**

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका सबै खेल गण्डकी प्रदेशमै गर्नुपर्ने प्रदेशबासीले माग गरेका छन् । खेलस्थल व्यबस्थापन उपसमितिले मंगलबार पोखरा रंगशालामा आयोजना गरेको छलफल कार्यक्रममा सहभागि गण्डकी प्रदेश बासीले उक्त प्रतियोगिताका ३६ वटै खेलहरु गण्डकी प्रदेशकै हुनु पर्ने माग गरेका हुन् ।

सुटिङ, सुइमिङ लगायतका खेलको लागि प्रदेश भित्रै उपयुक्त स्थानको खोजि गर्न छलफलमा सहभागि राष्ट्रिय, अन्तराष्ट्रिय खेलाडी, विभिन्न खेल संघका पदाधिकारी र सरोकारवालाहरु एवं खेलकुदकर्मीहरुले उक्त राय व्यक्त गरेको खेलस्थल व्यबस्थापन उपसमितिका सचिव एवं पश्चिमाञ्चल क्षेत्रिय खेलकुद विकास समितिका निर्देशक कृष्ण प्रसाद तिमिल्सिनाले बताए । खेलस्थल व्यबस्थापन उपसमिति संयोजक एंव राखेपका सदस्य राजेशकुमार गुरुङको अध्यक्षतामा मंगलबार सम्पन्न भएको छलफलमा राखेपका पूर्व सदस्य खड्क बहादुर रानाभाटले उक्त प्रतियोगिता प्रदेशबासीको इज्जत र प्रतिष्ठा संग जोडिएकोले कुनै पनि खेलको लागि अनुकुल वातावरण बनाउनु पर्नेमा जोड दिए । पोखरा रंगशाला जग्गा प्लटीङ भएसरी मनपरी ढंगले भौतिक संरचना भएको उनको गुनासो थियो । खेलकुदको भौतिक पूर्वाधार निर्माणमा जोड दिदै, पोखराको कला संस्कृति प्रदर्शनको तयारी गर्नु पर्ने, खेल स्थलहरुमा सौन्दर्यकरण लगायतका कुरामा बिषेश ध्यान दिनुपर्ने छलफलमा सुझाव आएको सचिव तिमिल्सिनाले जनाए । खेलस्थल व्यबस्थापन उपसमिति संयोजक गुरुङले छलफलमा उठेका कुरा र प्रदेशका विभिन्न ठाँउमा खेल मैदानहरुको अध्ययन अवलोकन गरेको आधारमा यही साउन १५ गते हुने राखेपको वोर्ड बैठकमा राख्ने बताए । आउँदो असोज २८ देखि कार्तिक ३ गतेसम्म उक्त प्रतियोगिता गण्डकी प्रदेशमा हुने भएको छ । गण्डकी प्रदेशको राजधानि पोखरा अर्न्तगत नेपालकै ठुलो पोखरा रंगशालामा धेरै खेलहरु हुने सक्ने संयोजक गुरुङले बताए ।

# मानव संसाधन विकासमा जापानाको ३५ करोड सहयोग

**रासस**
**काठमाडौं, १० साउन**

नेपालको मानव संसाधन क्षेत्रको विकासका लागि जापान सरकारले रु ३५ करोड १५ लाख ४८ हजार ६७५ ( ३७ करोड ६० लाख जापानी येन) बराबरको सहयोग उपलब्ध गराउने भएको छ । अर्थ मन्त्रालयमा मंगलबार आयोजित कार्यक्रममा अर्थसचिव मधुकुमार मरासिनी र यहाँस्थित जापानी दूतावासका चार्ज डि अफेयर्स तामुरा ताकाहिरोले सहयोगसम्बन्धी सम्झौतापत्र आदानप्रदान गर्नुभयो । द्विपक्षीय सहयोग सम्झौतामा भने अर्थमन्त्रालयका सहसचिव ईश्वरीप्रसाद अर्याल र जापानी अन्तर र्ष्ट्रिय सहयोग नियोग (जाइका)का प्रतिनिधि तानाका तोमोकोले हस्ताक्षर गर्नुभयो ।

जापान सरकारले मानव संसाधनको विकासमा चरणबद्ध रूपमा छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ ।


## कर्मचारी आवश्यकता

पोखरा महानगरपालिका भर कार्य क्षेत्र भएको यस **सुरक्षा पालुवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड**को भण्डारढिक (लेखनाथ) सेवा केन्द्रको निम्न पदमा देहाय बमोजिमको कर्मचारीको आवश्यकता परेको हुँदा मिति २०७९/०४/१७ गतेसम्म कार्यालय समयभित्र दरखास्त आव्हान गरिन्छ ।

**पद** : कनिष्ठ सहायक प्रशिक्षार्थी
**संख्या** : १ (महिला/पुरुष)
**सेवा/ किसिम** : करार
**कार्यगत जिम्मेवारी** : बजार प्रतिनिधि

**न्यूनतम योग्यता तथा उमेर**
✦ १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ ।
✦ कम्प्युटर सम्बन्धी आधारभुत तालिम लिएको हुनुपर्नेछ ।
✦ मान्यता प्राप्त शैक्षिक संस्थाबाट व्यवस्थापन संकायमा १० + २ वा सो सरह उत्तीर्ण भएको हुनुपर्नेछ ।

**पेश गर्नुपर्ने कागजातहरु**
✦ नेपाली नागरिकताको प्रतिलिपि ।
✦ पासपोर्ट साइजको २ प्रति फोटो ।
✦ शैक्षिक योग्यताको चारित्रिक प्रमाणपत्र तथा लब्धांक पत्रको प्रतिलिपि ।
✦ वैयक्तिक विवरण (वायोडाटा) तथा अनुभव सम्बन्धी कागजातको प्रतिलिपि ।

**छनौट प्रक्रिया**
✦ लिखित तथा अन्तरवार्ता वा दुवै हुन सक्ने ।
✦ छोटो सूची (Short Listed) उम्मेद्वारलाई मात्र परीक्षामा सहभागी गराइने छ ।

**तलव तथा भत्ता सुविधा**:
✦ संस्थाको कर्मचारी नियमावली अनुसार ।


(सहकारी सम्बन्धी अनुभव भएको तथा आफ्नै दुई पांग्रे सवारी साधन भएको उम्मेद्वारलाई विशेष प्राथमिकता दिइने छ ।)

सुरक्षा पालुवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड
SURAKSHYA PALUWA SAVING & CREDIT COOPERATIVE SOCIETY LTD.
Email: surakshya.paluwa@gmail.com

प्रधान कार्यालय:
पोखरा म.न.पा. ३३ कालिका स्थान कास्की
फोन नं. : ०६१-६२०१६२, ५६१८४९



## हार्दिक बधाई


श्री राजेन्द्र भण्डारी




श्री लोकचन्द्र खनाल

प्रशंसनीय प्राज्ञिक ओज, दीर्घ प्रशासनिक तथा शिक्षण अनुभव, उदाहरणीय कर्तव्यनिष्ठता तथा सकारात्मक सोच र चिन्तनले युक्त हाम्रा प्रिय साथीहरु **राजेन्द्र भण्डारी** र **लोकचन्द्र खनाल** **भद्रकाली माध्यमिक विद्यालय** जस्तो स्थापित शैक्षिक संस्थाको शीर्ष-नेतृत्व र उप-नेतृत्वका लागि **प्रधानाध्यापक** र **सहायक प्रधानाध्यापक** जस्ता गहन जिम्मेवारीपूर्ण पदहरुमा नियुक्त हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै वहाँहरु दुवैको उक्त पदीय कार्यकाल विद्यालयको समग्र उन्नयनका लागि अत्यन्त फलदायी तथा सफल रहोस् भन्ने **शुभकामना**समेत व्यक्त गर्दछौं । साथै वहाँहरुको अपेक्षित कुशल नेतृत्व-कालमा सह-अस्तित्व र सहकार्यको आदर्शमा बाँधिएका दुई भगिनी संस्थाहरु भद्रकाली माध्यमिक विद्यालय र भद्रकाली बहुमुखी क्याम्पस बीचको सम्बन्ध विशेष उचाइका साथ अझ सौहार्द्रपूर्ण तथा प्रगाढ रहनेछ भन्ने विश्वास पनि प्रकट गर्दछौं ।

**पुनश्च**: यसै अवसरमा यस क्याम्पसको हितार्थ विद्यालयको निवर्तमान शीर्ष प्रशासनिक नेतृत्वले देखाएको उच्च सद्भाव र पुऱ्याएको सहयोगप्रति समेत **हार्दिक आभार** व्यक्त गर्दछौं ।

**नवराज रेग्मी** – क्याम्पस प्रमुख
**शरदकान्त सिग्देल** – का. वा अध्यक्ष
**बजिरमान श्रेष्ठ** – अध्यक्ष

तथा
क्याम्पस परिवार
**भद्रकाली बहुमुखी क्याम्पस**
पोखरा-१३, कुँडहर



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।




## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । -गीता

## सम्पादकीय

# निर्वाचनले दलहरूलाई दिएको पाठ

राजनीतिमा युवाले सहभागिता बढाउनुपर्ने आवाज उठेको छ । पुराना राजनीतिक दलमा युवाले अवसर नपाएको गुनासो गर्दै नयाँ राजनीतिक दल खुलेका छन । नयाँ दल खुलेको युवालाई नेतृत्वमा स्थापित गर्न हो । नयाँ दलप्रति जनताले विश्वास गरिहाल्ने अवस्था अफैसम्म बनेको छैन । नयाँ दल खुल्ने तर टिकाउ नहुने गरेको छाभएका पुरानै दलबाट युवाले अवसर खोजेको र जनताले पत्याएका छन । जुन दलले युवालाई विश्वास गरेर उमेदवार बनाए उनीहरूले जितेका छन।युवालाई उमेदवार नबनाउने दलले युवबाट पराजय भोग्न बाध्य भएका छन् । पुराना र ठूला दलले युवाको भावना बझ्न नसक्दा मतदाताको राम्रो झापड खाएका छन ।

वैशाखमा भएको स्थानीय तहको निर्वाचनमा ४१ दशमलव १४ प्रतिशत युवा निर्वाचित भएका छन् । निर्वाचन आयोगले सार्वजनिक गरेको तथ्याङ्कअनुसार २१ देखि ४० वर्ष उमेर समूहका युवा १४ हजार ४४२ अर्थात् ४१ दशमलव १४ प्रतिशत युवा निर्वाचित भएका छ।निर्वाचनले राजनीतिक दललाई गतिलो पाठ सिकाएको छ। निर्वाचित मध्येका प्रमुखमा ३७, उपप्रमुखमा ९५, अध्यक्षमा १०६, उपाध्यक्षमा दुई सय ३४ युवा निर्वाचित भएका छन । नेपालमा १६ देखि ४० वर्ष उमेर समूहलाई युवा मान्ने गरिन्छ । वडाध्यक्षमा दुई हजार तीन सय १२, महिला सदस्यमा तीन हजार दुई सय ३३, दलित महिला सदस्यमा तीन हजार छ सय ६ र सदस्यमा चार हजार ८१९ निर्वाचित भएका छन् । ४१ देखि ६० वर्षका ५२ दशमलव २७ प्रतिशत, ६१ देखि ८० वर्षका ६ दशमलव ५२ प्रतिशत र ८० भन्दा माथिका शून्य दशमलव ०४८ प्रतिशत निर्वाचित भएका छन् । राजनीतिक दलले युवालाई भन्दा प्रौढलाई विश्वास गरेको कारण ठूला दलले अपेक्षित परिणाम निकाल्न सकेका छैनन् ।

आयोगका अनुसार ४१ देखि ६० वर्ष उमेर समूहका १८ हजार तीन सय ४७ र ६१ देखि ८० वर्ष उमेर समूहका ज्येष्ठ नागरिक दुई हजार दुई सय ९१ निर्वाचित छन् । यसैगरी ८० वर्षभन्दा माथिका १७ निर्वाचित भएका छन् । वडाध्यक्ष तीन, चार दलित महिला सदस्य र १० वडा सदस्यमा निर्वाचित भएका छन् । निर्वाचनमा कूल ३५ हजार ९७ जनप्रतिनिधि निर्वाचित भएका छन् । देश निर्माण गर्नेछ भनेकै युव शक्तिले हो।अहिले शासन सत्ता चलाएका राजनीतिक दलले जे जति सफलता हासिल गरेका छन युवाले नेतृत्व गरेको बेलामा सफलता हासिल गरेका छन ।

जनताले विश्वास गरेको पनि युवालाई दलले परिचालित गरेको बेलामा भएको छ। आउदो प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनमा ठुला र पुराना दलले युवालाई बहुसंख्यक स्थानमा उमेदवार बनाउन सकेमा नयाँ खुलेको दलप्रति जनताको पहिलो रोजाइ बन्न सक्दैन । बूढो गोरुले...ओगटेर बसे भने नयाँ दलप्रति चासो बढ्छानिर्वाचन परिणाम दलहरूलाई सप्रने कि विस्थापित हुने गतिलो पाठ सिकाएको छ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : मन चञ्चल | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# गुर्जामा जुवातास, धुमपान सेवन गर्न प्रतिबन्ध

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १० साउन**

म्याग्दीको धवलागिरि गाउँपालिका-१ गुर्जामा जुवातास खेल्न, धुमपान र सुर्ती सेवन गर्न प्रतिबन्ध लगाइएको छ ।

वडाका जनप्रतिनिधिहरूको सोमबार बसेको बैठकले जुवातास, धुमपान सेवनमा प्रतिबन्ध लगाउनुका साथै तोकिएको भन्दा अन्य समय मदिरा सेवन गर्नेलाई जरिवाना तिराउने निर्णय गरेको छ। चुरोट, खैनी सेवनलाई पूर्णप्रतिबन्ध र बिहान ५ देखि साँझ ५ बजेसम्म जाँड, रक्सी सेवन गर्न प्रतिबन्ध लगाइएको वडाध्यक्ष झकबहादुर छन्त्यालले बताउनुभयो ।

"तोकिएको भन्दा अन्य समय मदिरा सेवन गर्नेलाई पहिलोपटक सम्झाइबुझाई, दोस्रोपटक रु १०० र तेस्रोपटकदेखि दोब्बरका दरले जरिवाना तिराउने नियम बनाएका छौँ", उहाँले भन्नुभयो, "जरिवानाबाट सङ्कलन भएको रकम फोहर र दूषित पानीका कारण हुने स्वास्थ्य समस्या न्युनीकरणका लागि व्यक्तिगत तथा सामुदायिक सरसफाइ गर्ने व्यक्ति र परिवार पहिचान गरेर पुरस्कृत गर्न खर्च गर्छौं ।"

घरेलु हिंसा, विवाद, झगडाका साथै स्वास्थ्य र सामाजिक समस्याको मुख्य कारण जुवातास र मदिरा भएकाले प्रतिबन्ध लगाइएको वडाध्यक्ष छन्त्यालले बताउनुभयो । जुवातास खेलेर समय बिताउने युवा र प्रौढ पुरुषलाई घरायसी, आयआर्जन र विकास आयोजनामा परिचालन गरिने कार्यपालिका सदस्य सीताकुमारी छन्त्यालले जानकारी दिनुभयो ।

अघिल्लो कार्यकालमा गरेको प्रयासले सामाजिक, आर्थिक सुधार, शान्ति र सद्भाव कायम राख्न सहयोग पुगेकाले आमा समूह, युवा क्लब र अगुवाहरूसँग समन्वय गरेर निरन्तरता दिइएको वडा कार्यालयले जनाएको छ । सडक यातायातको सुविधा नपुगेको भौगोलिकरूपमा विकट र दुर्गम क्षेत्रमा अवस्थित गुर्जामा २६५ घरधुरी छन्त्याल र दलित समुदायको बसोबास छ ।

# थप छ सय ३८ मा कोरोना सङ्क्रमण पुष्टि, दुईको मृत्यु

**रासस**
**काठमाडौं, १० साउन**

देशभर पछिल्लो २४ घण्टामा छ सय ३८ मा कोभिड सङ्क्रमण पुष्टि भएको छ भने सङ्क्रमणका कारण दुई जनाको मृत्यु भएको छ ।

पछिल्लो २४ घण्टामा पाँच हजार ५५ को नमूना परीक्षण गरिएको थियो । दुई हजार २१५ ले पिसिआर र दुई हजार आठ सय४० को एन्टीजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । गत २४ घण्टामा दुई सय १८ कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन् ।

यससँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या नौ लाख ६८ हजार आठ सय दुई पुगेको छ । सङ्क्रमण मुक्त हुने दर ९८ दशमलव चार प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा दुई लाख ५७ हजार आठ सय ७८ ले कोभिडविरुद्धको खोप लगाएका छन् । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या तीन हजार सात सय १४ रहेको छ ।

अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार नौ सय ५९ पुगेको छ । होम आइसोलेसनमा तीन हजार पाँच सय ८१, संस्थागत आइसोलेसनमा एक सय ३३, आइसियुमा ३० र भेन्टिलेटरमा एक जना सङ्क्रमित रहेका छन् । हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्ला काठमाडौं र दुई सयभन्दा बढी सङ्क्रमित रहेको जिल्लामा ललितपुर तथा मोरङ रहेका छन् ।

शून्य सङ्क्रमित रहेका जिल्लामा मनाङ, जाजरकोट, कालीकोट, मुगु, हुम्ला र बाजुरा रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा दुई हजार ४०, ललितपुर तीन सय ८१ र भक्तपुरमा ८४ सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ ।

# जति बाँच्छु, सामाजिक कार्यमै लाग्नेछु : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**तनहुँ, १० साउन**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले आफू बाँचुन्जेल सामाजिक कार्यमा लाग्ने बताउनुभएको छ ।व्यास नगरपालिका-१४ स्थित कुलुङ्गमा मङ्गलबार कार्यकर्तासँग भेटघाटका क्रममा उहाँले सो कुरा बताउनुभएको हो ।

हिजोका दिनमा जिल्लाको विकास निर्माणका काम गर्दै आएको उल्लेख गर्दै नेता पौडेलले भोलिका दिनमा पनि काम गरेर देखाउने आफ्नो योजना रहेको जानकारी दिनुभयो ।

"म जति दिन बाँच्छु, बाँचुन्जेल सामाजिक क्षेत्रमै काम गर्छु," उहाँले भन्नुभयो, "अब गाउँमा विकासको मूल फुटाउने गरी काम गरेर देखाउन चाहन्छ छु ।"

व्यास नगरपालिका-१२ को छिर्कनबाट व्यास-१४ को कुलुङ हुँदै केशवटार जोड्ने सडकमार्ग आफ्नो पहलमा भएको र कुलुङ्ग, छाब्दी तथा बन्दीपुरलाई जोडेर पर्यटकीय गन्तव्य बनाउन सके प्रचुर सम्भावना रहेको नेता पौडेलले बताउनुभयो । पर्यटकीय प्रवर्द्धन गर्नका लागि यहाँको ऐतिहासिक एवं धार्मिक क्षेत्रको संरक्षण र संवर्द्धनमा जोड दिन आवश्यक रहेको उहाँको भनाइ थियो ।

विगतमा अवरुद्ध भएका विकासलाई निरन्तरता दिँदै थप विकासका बारेमा बुझ्न आफूले घरदैलो अभियान कार्य अघि बढाएको चर्चा गर्दै नेता पौडेलले कुलुङ्ग खानेपानी योजना आफ्नै पहलमा निर्माण भइ उद्घाटनसमेत गरिएको जानकारी दिनुभयो ।

# लघुजलविद्युत् र सौर्य ऊर्जाका माध्यमबाट इन्टरनेटको पहुँच

**रासस**
**मनाङ, १० साउन**

हिमाली जिल्ला मनाङको विकट पालिका नार्पाभूमि सञ्चारमैत्री बनाइँदै छ । सो गाउँपालिकामा लघु जलविद्युत् र सौर्य ऊर्जा (सोलार) का माध्यमबाट इन्टरनेटको पहुँच पुऱ्याउने उद्देश्यले योजना निर्धारण गरिएको छ ।

नार, फु र मेतामा रहेको लघुजलविद्युत् तथा सौर्य ऊर्जाको भरमा गाउँपालिकालाई सूचना प्रविधिमैत्री बनाउने लक्ष्य लिइएको छ । नार्पाभूमिमा हालसम्म राष्ट्रिय प्रशारण लाइनको विद्युत् जडान भने भएको छैन । पालिकावासीलाई सहज र छिटो सूचना प्रवाह गर्न सञ्चारमैत्री बनाउने योजना बजेट तथा कार्यक्रममा नै समावेश गरी अगाडि बढेको छ । तिब्बत्को सिमानासँग जोडिएको पालिकालाई सञ्चारमैत्री बनाए सूचना प्रचारप्रसार गर्न योजनामा राखिएको नार्पाभूमिका अध्यक्ष कोन्जो तेन्जिङ लामाले जानकारी दिनुभयो । मोबाइलको नेटवर्कको समस्या भएकाले सूचना प्रवाहका लागि सहज बनाउन वाइफाइको नेटवर्कको उपयोगमार्फत सूचना प्रवाह गर्ने लामाले बताउनुभयो ।

"विकट स्थान भएकाले वाइफाईको नेटवर्क लाग्छ, तर मोबाइलको नेटवर्कको समस्या छ, त्यसैले वाइफाइको सहजता कायम गर्न गाउँपालिकाले यस योजनालाई प्राथमिकता दिएको हो", अध्यक्ष लामाले भन्नुभयो, "नार्पाभूमिवासीका आफन्त धेरै विदेशमा बसोबास गर्ने भएकाले वाइफाइको पहुँचलाई प्राथमिकतामा राखेका छौँ, यसले सूचना पनि सहज र छिटो पाउनेछन् ।" गाउँपालिकाको भवनका साथै पालिकाका पाँचवटै वडामा एकैसाथ डिजिटल डिस्प्लेबाट सूचना प्रवाह गर्ने व्यवस्था गर्न लागिएको उहाँले बताउनुभयो ।

गाउँसभा र गाउँ कार्यपालिकाका सबै निर्णय डिजिटल डिस्प्लेमा प्रसारण गरिने उहाँले बताउनुभयो । "डिजिटल डिस्प्लेमार्फत सूचना प्रवाह गरिँदा पालिकाको सबै कार्य तथा पारदर्शिता कायम गर्न टेवा पुग्नेछ", लामाले भन्नुभयो । गाउँपालिकाको भवनमा डिजिटल डिस्प्ले जडानका लागि रु छ लाख ३० हजार बजेट विनियोजन गरिएको छ । गाउँसभाबाट पालिकालाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाउन आवश्यक विभिन्न अतिरिक्त सामग्री खरिद गर्न रु ८५ हजार र सूचना प्रविधि शाखा विविध व्यवस्थापनका लागि रु एक लाख २५ हजार विनियोजन गरिएको छ ।

# म्याग्दीमा छ हजार नागरिकता वितरण

**रासस**
**म्याग्दी, १० साउन**

जिल्ला प्रशासन कार्यालयले एक वर्षको अवधिमा करिब छ हजार जनालाई नयाँ नागरिकता वितरण गरेको छ । गत आर्थिक वर्ष २०७८/७९ मा पाँच हजार ७०४ जनालाई वंशजका आधारमा नयाँ र पाँच हजार ८९९ जनालाई प्रतिलिपि नागरिकता वितरण गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । एक जनाले वैवाहिक अङ्गिकृति नागरिकतासमेत लिएका छन् ।

सहायक प्रमुख जिल्ला अधिकारी अर्जुन शर्माले अघिल्लो वर्षको तुलनामा गत आर्थिक वर्षमा नागरिकता र राहदानी लिनेको सङ्ख्या बढेको बताउनुभयो । "कोभिडका कारण अघिल्ला दुई आवमा राहदानी र नागरिकता बनाउन नपाएकाले गत आवमा बनाएकाले बढेका हुन्", उहाँले भन्नुभयो "नागरिकता र राहदानी बनाउनेको सङ्ख्या करिब दोब्बरले बढेको छ ।"

सहायक प्रजिअ शर्माका अनुसार गत आर्थिक वर्षमा चार हजार ५२८ साधारण र ८४४ द्रुत राहदानीका लागि सिफारिस गरिएकामा तीन हजार ८९२ राहदानी वितरण गरिएको छ । छ सय ३६ राहदानी वितरण गर्न बाँकी छ ।

आर्थिक वर्ष २०७७/७८ मा तीन हजार २०५ नयाँ र एक हजार ७१५ प्रतिलिपि नागरिकता वितरण गरिएको थियो । यसैगरी एक हजार ९७५ साधारण र ४३५ द्रुत राहदानी सिफारिस गरिएकामा दुई हजार २० वितरण भएको थियो । राहदानी दस्तुर शीर्षकमा गत आर्थिक वर्षमा रु दुई करोड ३९ लाख ६० हजार ५०० राजस्व सङ्कलन भएको छ । अघिल्लो वर्ष सो शीर्षकमा रु एक करोड नौ लाख २५ हजार राजस्व सङ्कलन भएको थियो ।

यसैगरी गत आर्थिक वर्षमा आठ हजार ५५ जनालाई राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गरिएको छ । आगलागी, चट्याङ, वर्षा र हिमपातबाट प्रभावितलाई रु दश लाख दश हजार, द्वन्द्वपीडितलाई रु पाँच लाख ८८ हजार राहत वितरण भएको छ । मनसुनजन्य विपद् प्रभावितको निजी आवास पुनःनिर्माणका लागि रु एक करोड ४३ लाख पचास हजार अनुदान भुक्तानी भएको छ । सैतीस नयाँ संस्था दर्ता र १९७ नवीकरण, २७५ नाबालक परिचयपत्र, ७०९ विविध सिफारिस, ५५ हातहतियारको नवीकरण, चार हातहतियार नामसारी र ४५५ भूपु सैनिक पेन्सन सिफारिस भएको छ । पाचहत्तर ठाडो उजुरी परेको प्रशासनमा अघिल्लो वर्षबाट जिम्मेवारी सरेका १८ सहित २५ मुद्दा दर्ता भएकामा १९ फर्स्यौट भएका छन् । संस्था दर्ताबाट रु तीन लाख ७० हजार ७३५, हातहतियार नवीकरण तथा नामसारीबाट रु छ लाख १० हजार २००, प्रशासनिक दण्डजरिवानाबाट रु एक लाख पाँच हजार ४१५, न्यायिक दण्ड जरिवाना र जफत शीर्षकमा रु पाँच हजार तथा धरौटी शीर्षकमा रु ८२ हजार २६५ राजस्व सङ्कलन गरिएको छ ।

# तरकारी खेतीबाट मनग्य आम्दानी

**पोखरापत्र संवाददाता**
**गलकोट, १० साउन**

तरकारी खेतीबाट मनग्य आम्दानी हुन थालेपछि यहाँका दुई दाजुभाइले लगानी बढाएर व्यवसाय विस्तार गरेका छन् । टेनलमा मल्चिङ र थोपा सिँचाइ प्रविधिको प्रयोगले उत्पादन दोब्बरले वृद्धि भएकाले तरकारी खेतीतर्फ उनीहरू आकर्षित भएका हुन् । लामो समयको वैदेशिक रोजगारी पछि स्वदेशमा नै केही गर्ने उद्देश्यले घर फर्किएका भविलाल र टेकबहादुर विकले तरकारी खेती थालेपछि राम्रो कमाइ भएकाले लगानी वृद्धि गर्दै लगिएको बताएका हुन् ।

बागलुङ नगरपालिका-४ गौरीधामका ती दाजुभाइले पछिल्लो पाँच वर्षदेखि व्यावसायिक तरकारी खेती गर्दै आउनुभएको हो । भाडाको जग्गामा तरकारी खेती गर्दै आइएका यसबाट राम्रो आम्दानी भएपछि थप क्षेत्र विस्तार गर्दै १४ रोपनी जग्गामा उहाँहरूले तरकारी खेती गर्नुभएको हो । दुई भाइले पाँच वर्षअघि एक/एकवटा टनेलबाट सुरु गरेको तरकारी खेतीले अहिले व्यावसायिक रुप लिएको छ । विक दाजुभाइले स्थापना गरेको विकास कृषि तथा पशुपन्छी फर्ममा अहिले टमाटर, सिमी र अकबरे खुर्सानी छन् ।

"खुल्ला जग्गामा खेती गर्दा खासै राम्रो भएन विस्तारै टनेल बढाउँदै गयौँ, अहिले दुई भाइका १४ वटा प्लाष्टिक टनेल छन्," टेकबहादुरले भन्नुभयो । "टनेलमा भर्खर लगाइएका गोलभेँडाका बिरुवादेखि फल्न थालेको गोलभेँडा र टिप्नका लागि तयारी गोलभेँडा छन्, टनेलबाट दोब्बर आम्दानी हुँदोरहेछ, एक टनेलबाट सुरु भएको व्यावसायिक तरकारी खेती अहिले १४ वटा टनेलमा पुगेको छ ।" उहाँका अनुसार अहिले टनेलको भाउ राम्रो भएकाले आम्दानी बढेको छ भने हालै टेकबहादुरको फर्ममा कृषि ज्ञान केन्द्रको रु एक लाख ५० हजार र कृषककाे रु एक लाख पाँच हजार गरी दुईवटा टनेलसमेत थप गरिएको छ । पाँच वर्ष साउदी र १४ वर्ष मलेसियाको बसाइँ सकेर नेपाल फर्कनुभएका उहाँ र मलेसियामा ११ वर्ष रोजगारी गर्नुभएका भविलालले वार्षिक रु ५० हजार भाडा तिर्नेगरी १४ रोपनी जग्गा लिएर व्यावसायिक तरकारी खेती थाल्नुभएको हो ।

वोइलर कुखुरा, टेनेलमा टमाटर, लोकल कुखुरा र हाँससहित अन्य तरकारी बेचेर मासिक रु एक लाख आम्दानी गर्दै आएको उहाँहरू बताउनुहुन्छ । हालसम्म टनेलदेखि थोपा सिँचाइ प्रविधि जडान गर्न र कुखुराको खोर व्यवस्था गर्न रु १५ लाख लगानी भइसकेको भविलाल बताउनुहुन्छ । टनेलमा थोपा सिँचाइ र मल्चिङ प्रविधि अपनाउँदै आएका दाजुभाइ प्रविधिको विकाससँगै आम्दानी दोब्बर हुँदै आएको छ भन्नुहुन्छ ।

उहाँहरूले परीक्षणका लागि एउटा टनेलभित्र अकबरे खुर्सानीसमेत लगाउनुभएको छ । अकबरे खुर्सानीको बजार मूल्य उच्च भएकाले खुर्सानी खेतीसमेत सुरु गरिएको हो । विदेशको कमाइले जाडेको जग्गामा दुई भाइले अलग-अलग घर बनाएर भाडाको जग्गामा तरकारी खेती गर्दै आउनुभएको छ । उहाँहरूले आफ्नो पुर्ख्यौली गाउँ काठेखोला गाउँपालिका-३ धम्जामा समेत आलु खेती गर्दै आउनुभएको छ । धम्जा आलुको पकेट क्षेत्र हो ।

# नवौं राष्ट्रिय खेलकुद: सुरु भयो पोखरामा तयारी

– कृष्ण दवाडी
कास्की, १० साउन (रासस)

गण्डकी प्रदेशको राजधानी सहर पोखरामा नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी सुरु गरिएको छ।

कोरोना महामारी र पछिल्लोपटक स्थानीय तह निर्वाचनका कारण पटक-पटक मिति सर्दै आएको राष्ट्रिय खेलकुद आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेश र मुख्यगरी पोखरामा आयोजना हुने निश्चित भएपछि तयारीका काम अघि बढाइएको छ । करिब चार दशकपछि गण्डकी प्रदेशले राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजनाको अवसर प्राप्त गरेको छ। विसं २०४० मा दोस्रो संस्करणको आयोजनापछि पोखरालाई नवौं संस्करण आयोजनाको मौका जुरेको हो । पछिल्लो समय राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले प्रतियोगिताको मिति घोषणा गरेर जिम्मेवारी बाँडफाँट गरेसँगै स्थानीस्तरमा पनि खेल पूर्वाधार निरीक्षण, खेलाडी प्रशिक्षणलगायतका काम अघि बढेको छ।

प्रतियोगिता सञ्चालनका लागि राखेपले गठन गरेको खेलस्थल व्यवस्थापन उपसमितिले केही दिनयता कास्कीका विभिन्न खेलमैदान तथा पूर्वाधारको निरीक्षण गरेको छ । सो उपसमितिका संयोजक एवं रोखप सदस्य राजेशकुमार गुरुङको नेतृत्वमा सहारा क्लबको फुटबल मैदान, पोखरा-१९ स्थित गोष्टेघाट खेलमैदान, माछापुच्छ्रे गाउँपालिकाको महेन्द्र मावि खेलमैदान, हेमजाको गौरीशङ्कर खेलमैदान र नेपाली सेनाका खेलमैदान निरीक्षण गरिएको छ। संयोजक गुरुङले प्रतियोगिता पोखरा रङ्गशालामै सञ्चालन हुने भए पनि सहभागी टोलीको प्रशिक्षणलाई ध्यान दिएर अभ्यास मैदानको खोजी गरिएको बताउनुभयो । खेल पूर्वाधारका लागि पोखराका विभिन्न वडामा निर्माण सम्पन्न भएका कभर्डहल र खेलमैदानको भरपुर उपयोग गरिने छ । उहाँले भन्नुभयो, “देशको गौरवको रूपमा रहेको राष्ट्रिय खेलकुदलाई भव्यताका साथ सम्पन्न गर्नका लागि अहिलेदेखि नै तयारीका काम अघि बढाएका छौं । खेलस्थलको अनुगमन सुरु गरेका छौं, पूर्वाधार कस्तो अवस्थामा छन्, के-के काम गर्नुपर्ने हुन्छ भनेर अनुगमन गर्छौं । प्रतियोगितामा सहभागी टोलीलाई अभ्यास र तयारीमा राम्रो सुविधा दिने योजना छ।”

गण्डकी प्रदेश खेलकुद परिषद्ले पनि राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी सुरु गरेको छ । प्रतियोगिता आयोजनाको मुख्य जिम्मेवारी सङ्घ सरकार मातहतको राखेपको भए पनि आफ्नो प्रदेशमा हुने प्रतियोगितालाई सफल बनाउन प्रदेश खेलकुद परिषद्ले पनि काम अघि बढाएको हो । परिषद्को सोमबार सम्पन्न पूर्ण बैठकले नवौं राष्ट्रिय खेलकुद तथा प्रदेशमा सञ्चालन हुने प्रतियोगिता सम्पन्न गर्ने गरी कार्य विभाजन गरेको सदस्यसचिव तेजबहादुर गुरुङले बताउनुभयो।

उहाँका अनुसार खेलस्थल व्यवस्थापन, अनुशासन तथा प्राविधिक उपसमिति, बसोबास व्यवस्थापन, स्वास्थ्य, यातयात व्यवस्थापन, सुरक्ष, प्रचार प्रसार, खेल सामग्री तथा पोशाक व्यवस्थापनलगायतका समिति गठन गरी जिम्मेवारी तोकिएको छ । परिषद्ले खेल सञ्चालन कार्यविधि-२०७९ स्वीकृतिका लागि युवा तथा खेलकुद मन्त्रालयमा पठाउने निर्णयसमेत गरेको छ।

राष्ट्रिय खेलकुदको तयारी तथा टिम छनोट तथा बन्द प्रशिक्षणका लागि करिब रु सात करोड खर्च लाग्ने अनुमान रहेको सदस्यसचिव गुरुङले बताउनुभयो। राष्ट्रिय खेलकुदमा दुई प्रदर्शनसहित ३८ खेल सञ्चालन हुने निर्णय यसअघि नै भइसकेको छ। अधिकांश खेल पोखरामा नै सञ्चालन हुनेछ । केही खेलको पूर्वाधार अझै पनि तयार हुनसकेको छैन।

स्वीमिङ, सुटिङ र हक्की खेलको पूर्वाधार पोखरामा पनि छैनन् । पूर्वाधार नभएका खेल कहाँ खेलाउने भन्ने चिन्ता आयोजकलाई छ । प्रदेशका ११ वटै जिल्लामा कम्तीमा एक खेल सञ्चालन गर्ने योजना छ। लामो समयपछि हुन लागेको राष्ट्रिय खेलकुदको अपनत्व सबै प्रदेशवासीलाई दिन सबै जिल्लामा खेल आयोजना गर्ने प्रस्ताव गरिएको भए पनि फुटबल, क्रिकेट, भलिबल, ह्यान्डबललगायत मुख्य-मुख्य खेलसहित अधिकांश खेल पोखरामा सञ्चालन हुने पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगीले बताउनुभयो।

उहाँले भन्नुभयो, “चार दशकपछि हुन लागेको प्रतियोगितामा सबैको अपनत्व होस् भनेर हामीले ३६ वटा खेलको खेलस्थल सिफारिस गरेर पठाएका छौं। यसबारेमा राखेपले केही दिनमै निर्णय गर्ला। धेरैजसो खेल पोखरामै सञ्चालन हुने निश्चित छ।” योगीका अनुसार प्रतियोगिता तयारीका लागि निर्माणाधीन खेल पूर्वाधार सम्पन्न गर्ने, भइरहेकाको स्तरोन्नति तथा प्रतियोगिताका लागि क्षमतावान् खेलाडीको खोजी, नयाँ खेलाडी उत्पादन र उनीहरूलाई प्रशिक्षण दिने गरी योजना निर्माण गरिएको छ।

राष्ट्रिय खेलकूदको मुख्य आयोजनास्थल पोखरा रङ्गशालाभित्र ‘इन्डोर’ र ‘आउटडोर’ खेलका पूर्वाधार तयारी छन् । पोखरामा फुटबलको अन्तर्राष्ट्रिस्तरको रङ्गशाला, सुविधासम्पन्न बहुउद्देश्यीय कभर्डहल, ब्याडमिन्टन कोर्ट, भलिबल कोर्ट, टेनिस कोर्ट, क्रिकेट मैदानलगायत अधिकांश खेलका पूर्वाधार तयारी अवस्थामा रहे पनि केहीको मर्मत र स्तरोन्नति गर्नुपर्ने छन्।

# पाँच हजार घरमा खानेपानी सुविधा

पोखरापत्र संवाददाता
बेनी, १० साउन

म्याग्दीमा चार वर्षको अवधिमा पाँच हजारभन्दा बढी घरमा खानेपानीको सुविधा पुऱ्याइएको छ । ‘एक घर एक धारा’ कार्यक्रमअन्तर्गत खानेपानीको सुविधा विस्तार भएको हो।

गण्डकी प्रदेश सरकारले सुरुआत गरेको हरेक घरमा खानेपानी पुऱ्याउने अभियानअन्तर्गत हालसम्म पाँच हजार १३७ घरमा खानेपानी पुऱ्याइएको खानेपानी, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका प्रमुख सुरेन्द्र पौडेलले जानकारी दिनुभयो । चौधवटा खानेपानी योजनामार्फत धारा निर्माण गरिएको हो । आर्थिक वर्ष २०७८/७९ मा एक हजार ३४७ घरमा धारा निर्माण गरिएको छ । “स्थानीयवासीले स्वच्छ र सफा खानेपानी उपभोग गर्न पाएका छन्”, पौडेलले भन्नुभयो । विसं २०७५ देखि गण्डकी प्रदेश सरकारले हरेक घरमा सफा र स्वच्छ खानेपानी सुविधा विस्तार गर्न ‘एक घर एक धारा’ कार्यक्रम अघि सारेको हो। जिल्लाभर २९ हजार ४९९ घरमा आधारभूत खानेपानीको पहुँच पुगेको पौडेल बताउनुहुन्छ। आयोजनाले ९६ प्रतिशत घरमा आधारभूत खानेपानीको पहुँच पुऱ्याउने लक्ष्य लिएको छ । प्रदेश सरकारको बजेटबाट अन्नपूर्ण गाउँपालिका-८ मा थावन खानेपानी योजना, रघुगङ्गा गाउँपालिका-१ मा बेगखोला खानेपानी योजना, बेनी नगरपालिका-९ मा गलेश्वर पम्पिङ खानेपानी योजना, निलदह खानेपानी योजना र वडा नं ४ मा सिङ्गा खानेपानी योजना सम्पन्न भई घर-घरमा धारा निर्माण गरिएका छन् । यस्तै अन्नपूर्ण गाउँपालिका-६ मा धारा खानेपानी योजना सम्पन्न भएको छ। मङ्गला गाउँपालिका-२ मा हिदी खानेपानी योजना, वडा नं १ मा कुहुँ खानेपानी योजना र मालिका गाउँपालिका-२ रुममा सेतखोला खानेपानी योजना सम्पन्न भएको इञ्जिनीयर राजेश उलकले जानकारी दिनुभयो।

त्यसैगरी बेनी नगरपालिका-२ मा ज्यामरुककोट अर्जम रत्नेचौर खानेपानी योजना र मालिका गाउँपालिका-५ मा देवीस्थान खानेपानी योजना सम्पन्न भएको छ। मङ्गला गाउँपालिका-१ मा भर्जुला सल्यान खानेपानी योजना र अन्नपूर्ण गाउँपालिका-६ घारामा नेपाने खोनेपानी योजना सम्पन्न भएको छ। जिल्लामा सङ्घीय सरकारबाट प्रदेशमा हस्तान्तरण भएका १० र प्रदेश सरकारका २२ खानेपानी योजना सञ्चालित छन्। सङ्घीय सरकारबाट हस्तान्तरण भएका दुई सम्पन्न तथा ८ योजना निर्माणाधीन अवस्थामा रहेको कार्यालयले जनाएको छ। प्रदेश सरकारका १८ योजना हाल निर्माणाधीन अवस्थामा छन्।

# बुढ्यौलीलाई जितेका १०५ वर्षीय पुर्जा

– ध्रुवसागर शर्मा
म्याग्दी, १० साउन (रासस)

दार्शनिक रुसोले ‘प्रकृतिमा आश्रित मानिस कहिल्यै बुढो हुँदैन, प्रकृतिले मानिसलाई सधैँ जवान बनाइरहन्छ’ भनेका थिए। नभन्दै उनको यो उक्तिलाई म्याग्दीको धवलागिरि गाउँपालिका-४ को दुर्गम गाउँ बगरा गाउँका १०५ वर्षीय पनाजु पुर्जाको दैनिकीले पनि सत्य साबित गरिदिनुभएको छ।

मानिसले भौतिक क्षेत्रमा जति नै ठूलो उन्नति गरेको भए पनि मानसिक शान्ति र शारीरिक स्फुर्तिलाई भने गुमाउँदै गएको वर्तमान समयमा कुनै रोग नलागी ६० वर्ष पार गर्न सक्यो भने ‘धन्य’ मान्नुपर्ने अवस्था छ। तर बगरा गाउँमा धवलागिरि हिमालको जस्तै आभा लिएर बिहान ५ बजे नै घरको आँगनमा निस्केर हिमाल हेर्दै मुसुक्क मुस्कुराउनुहुन्छ पनाजु । शौचादी नित्यकर्मपछि घर नजिकै छङ्छङ् गर्दै बगेको अर्जे खोलामा गएर चिसो पानीले मुख धोई घरमा आएर बुहारीले दिएको तातोपानी र चिया पिएपछि एउटा हँसिया खुर्पेटोमा भिरेर जङ्गलतर्फ लाग्नुहुन्छ उहाँ । वल्लोपल्लो घरका छोरा, भतिजा र बटुवाहरूसँग हालखबर बुझ्दै सुस्तसुस्त पाइला अघि बढ्छन् वृद्ध पुर्जाका।

गाउँ परको खोरियामा बुट्यान र झाडीलाई छिचोल्दै निगालो काटेर भारी बाँध्नुहुन्छ। निगालो काट्दा, भारी बाँध्दा र थकाइ मेटाउँदा करिब तीन घण्टा बित्छ । भारी बोकेर विस्तारै गाउँतिर झर्नुहुन्छ र घरमा पुगेर भारी बिसाएपछि आँगनमा रहेको ठूलो लाम्चो ढुङ्गामा एक छिन सुस्ताएपछि खाना खान घरभित्र पस्नुहुन्छ । दिनभर जङ्गलबाट ल्याएको निगालोको चोया बनाउन सुरु गर्नुहुन्छ । पुर्जाले चोयाबाट भकारी, मान्द्रो, डोकोलगायत घरायसी कृषि सामग्रीहरू बुनेर उनले बुढ्यौलीलाई भुलाइरहनुभएको मात्र छैन केही आम्दानी पनि गरिरहनुभएको नाति होमबहादुर बताउनुहुन्छ । पुर्जाको दैनिकी देखेर यहाँ पुग्ने पर्यटकहरूले उहाँको तस्वीर लिन्छन् । उपहार दिन्छन् र उहाँको प्रशंसासहित सुस्वास्थ्यको कामना गर्ने गर्छन्।

बिहानको खानामा उहाँले सधैँ कोदो, मकै, गहुँ, जौको पीठोबाट बनाइएको ढिँडो उहाँको आहारा हो। ढिँडोसँगै उहाँलाई गेडागुडीको झोल र मोही अनिवार्य चाहिने पुर्जाका नाति होमबहादुर पुर्जाले बताउनुभयो । पुर्जा अझै पनि उकालो बाटो ठमठम हिँडेर जङ्गल र गाउँ बैँसीमा गर्नुहुन्छ। उहाँ एकछिन पनि बेफुर्सद हुन चाहनु हुन्न।

आज बिहान रासससँग मोबाइलमा कुरा गर्दै १०५ वर्षीय पनाजुले भन्नुभयो, “उमेर ढल्के पनि अझ धेरै बाँचुम् बाँचुम् लाग्दो रै छ।” उमेरले ६० वसन्त पार गरेपछि मानिसहरू बुढ्यौली लाग्यो भनेर आफूले गर्दै आएका कामप्रति रुचि घटाउँछन् र विस्तारै निष्क्रिय जीवनतिर लाग्छन्। तर उहाँले आफ्नो बुढ्यौलीलाई जितेर ढिकीजाँतो, मेलापात गर्नाका साथै वनजङ्गलबाट निगाला ल्याई घरायसी कृषि सामग्रीहरू बनाउने काममा व्यस्त रहनुहुन्छ। आफूलाई भेट्न आएका मानिससँग कुरा गर्दै काम गरिरहने पुर्जा कसैसँग कहिल्यै पनि नरिसाउने र रुखो नबोल्ने त्यसै गाउँका देवान छन्त्यालको भनाइ छ। उहाँलाई आफ्नो जीवन गोठ, जङ्गल र खर्कमा नै बितेकाले यसैमा आनन्द लाग्दछ । नाति होमबहादुरले भन्नुभयो, “नपुग्दो केही छैन, सबै चीज छ । तर हातखुट्टा चलुन्जेलसम्म काम गर्न छोड्नु हुँदैन भनेर काम गरिरहनुहुन्छ।”उहाँलाईअहिलेसम्म सामान्य रुघाखोकीबाहेक अरू जटिल कुनै रोग छैन। पछिल्लो समय कान अलि कम सुन्ने गर्नुभएका उहाँलाई अरू कुनै स्वास्थ्य समस्या छैन । उहाँले भन्नुहुन्छ, “जहिलेसम्म शरीर चल्छ, त्यतिबेलासम्म काम गर्न छोड्दिन, शरीर चल्नै छोड्यो भने त के गरी काम गर्ने हो र ?” कहिलेकाहीँ अलि दम बढेको जस्तो भयो भने उहाँ आफैँ जङ्गली लहरालाई थिचेर झोल बनाई पिउने गर्नुहुन्छ।

गत जेठदेखि १०५ वर्षमा प्रवेश गर्नुभएका पनाजुको बालापन, युवावस्था र ८५ वर्षसम्मको वृद्धवय गाई भैँसीसँग गोठ बसेर धवलागिरि हिमालको फेदीमा रहेका खर्कहरूमा बित्यो। जङ्गली कन्दमूल, आँटो पीठो र दूध, दही, घीउ खाएको तन्दुरुस्त जीउ भएका पुर्जाको अनुहार चाउरिएर बुढ्यौलीको परिचय दिए पनि उहाँको जोस, मिजासिलो स्वभाव, हँसिलो व्यक्तित्व र जाँगरिलो आनीबानीले युवापनको आभास दिलाइरहने उहाँलाई चिन्नेहरू बताउँछन् । पचासी वर्षको उमेरसम्म खादीका कपडा मात्रै लगाउनुभएका पुर्जाले अहिले भने छोरा नातिले ल्याइदिएका न्याना कपडा लगाउने गर्नुभएको छ। पाँच छोरी र तीन छोराका पिता पनाजुकी श्रीमती ओममती अहिले ८६ वर्षकी हुनुभयो।

लोग्नेभन्दा १९ वर्षले कान्छी ओममती घरको सबै काम गर्नुहुन्छ । खाना पकाउने, खुवाउने, भाँडा सफा गर्ने, श्रीमान्का कपडा धोइदिने सबै काम गर्न सक्नुहुन्छ । उहाँका छोरातर्फका १२ नातिनातिनी छन् । उनीहरू कोही अध्ययनका लागि सहरमा छन् त कोही रोजगारीका लागि विदेशमा।

# मध्यपहाडी लोकमार्गमा बेथिति : डेढ करोड रकम बढी भुक्तानी

– खेमराज गौतम
बागलुङ, १० साउन (रासस)

निर्माणाधीन राष्ट्रिय गौरवको आयोजनामा आर्थिक बेथिति देखिएको छ। मध्यपहाडी पुष्पलाल राजमार्ग आयोजना कार्यालय पर्वतले निर्माण व्यवसायीलाई झन्डै रु डेढ करोड रकम बढी भुक्तानी गरेको पाइएको छ।

महालेखा परीक्षकको कार्यालयले हालै सार्वजनिक गरिएको ५९औं वार्षिक प्रतिवेदनको भौतिक पूर्वाधार तथा यातयात मन्त्रालयअन्तर्गतको बुँदा नं १८ को १ र ३७ मा आर्थिक वर्ष २०७७/७८ मा आयोजना कार्यालय पर्वतले निर्माण व्यवसायीलाई दरभन्दा बढी तथा भ्याटमा दर्ता नभएको निर्माण व्यवसायीलाई करको रकम भुक्तानी गरेको छ।

यसैगरी दुई शीर्षकमा आयोजनाले झन्डै रु डेढ करोड भुक्तानी गरेको पाइएको छ । वार्षिक प्रतिवेदनमा सुरुमा रु ८४ अर्ब लागत अनुमान गरिएको मध्यपहाडी लोकमार्ग सडकको लागत बढेर रु एक खर्ब पुगेको र हालसम्म एक हजार ११३ किलोमिटर सडक कालोपत्र तथा ९० पुल निर्माण सम्पन्न भइसकेको र बाँकी ५३० किलोमिटर सडक कालोपत्र तथा १८ पुल निर्माणाधीन अवस्थामा रहेको बताउँदै लोकमार्ग आयोजना कार्यालयहरुले थुप्रै बेरुजु गरेको देखाएको छ। महालेखाले आयोजनाहरुलाई दोहोरो भुक्तानी, काम सम्पन्न नहुँदै भुक्तानी, दर्ता नभएको भ्याट बिललाई रकम भुक्तानी र सार्वजनिक खरिद ऐनसँग सामग्रीको दर रेटअनुसार भुक्तानी नभएको कमी कमजोरी औँल्याएको छ।

लोकमार्ग आयोजनाले आर्थिक वर्ष २०७७/७८ मा नियमसङ्गत भुक्तानी नगर्दा राज्यलाई करोडौं घाटा भएको भन्दै असुलउपर गर्नुपर्ने उल्लेख गरिएको छ। मध्यपहाडी पुष्पलाल लोकमार्ग आयोजना कार्यालय पर्वतले आव २०७७/७८ मा लोकमार्गको बागलुङ खण्ड निर्माण गर्ने निर्माण व्यवसायीलाई बेस इन्डेक्शन (दर रेट)निर्धारण गर्दा अगस्ट सन् २०१८/१९ को इन्डेक्स लिनुपर्नेमा अगस्ट सन् २०१७/१८ को बेस इन्डेक्श्न लिई तीन निर्माण व्यवसायीलाई बेस इन्डेक्शन फरक पारेर उक्त आर्थिक वर्षमा रु ९३ लाख १७ हजारसहित जम्मा रु एक करोड १७ लाखभन्दा बढी भुक्तानी गरिएको भन्दै महालेखाले असुल उपर गर्नुपर्ने जनाएको छ।

यस्तै महालेखाले लोकमार्ग आयोजना कार्यालय पर्वतले नै दर्ता नभएकालाई मूल्य अभिवृद्धि कर भुक्तानी गरेकाले असुल उपर गर्नुपर्ने राय व्यक्त गरेको छ । महालेखाले आव २०७७/७८ मा पुष्पलाल मध्यपहाडी राजमार्गले मूल्य अभिवृद्धि करमा दर्ता नभएको एक निर्माण व्यवसायीसँग सम्झौता गरी भुक्तानी भएको मूल्य अभिवृद्धि कर रु ३१ लाख ३४ हजार र सो रकममा लाग्ने जरिवानासमेत छानबिन गरी असुलउपर गर्नुपर्ने उल्लेख गरेको छ। दर्ता नभएकालाई मूल्य अभिवृद्धि कर तिर्न नहुने मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १० मा उल्लेख भएअनुसार लोकमार्गले भुक्तानी नगर्दा राज्यलाई नोक्सानी भएको महालेखाको ठहर छ । महालेखाले लोकमार्ग आयोजना कार्यालय पर्वत मात्रै नभएर अन्य आयोजना कार्यालयहरुका समेत कमी कमजोरी औँल्याएको छ। मध्यपहाडी पुष्पलाल लोकमार्ग आयोजना कार्यालय पर्वतका प्रमुख नारायणदत्त भण्डारीले महालेखाले औँल्याएको कमी कमजोरीलाई सच्याएर आयोजना कार्यालय अगाडि बढ्ने बताउनुभयो । उहाँले महालेखाले देखाएको कमी कमजोरीलाई सुधार गर्ने र नसके असुल उपरसमेत गर्ने बताउनुभयो।

“उक्त आर्थिक वर्षमा रु डेढ करोडभन्दा बढी भुक्तानी भएको महालेखाले देखाएको छ, यस विषयमा हामीहरुले अध्ययन गरिरहेका छौं, भ्याटमा दर्ता नभएको निर्माण व्यवसायीलाई तिरेको कर सच्याएर भ्याटमा दर्ता भएको बिल सङ्कलन गरिसकेका छौं”, प्रमुख भण्डारीले भन्नुभयो, “त्यो बेला भएका कमी कमजोरीहरुलाई हामीले थप प्रमाण जुटाएर महालेखमा बुझाउँछौं, दर रेट फरक परेको विषयमा थप प्रमाण देखाउने तयारी भएको छ, हामीले सम्झौताअनुसार नै भुक्तानी गरेका हौं, महालेखामा पुनः लेखा परीक्षण गर्दासमेत फरक परेमा हामीले निर्माण व्यवसायीबाट असुल उपर गर्ने छौं, राज्यलाई घाटा पर्ने काम आयोजनाले गर्नु हुँदैन।” भण्डारीका अनुसार बढी भुक्तानी देखिएको रकम आयोजना निर्माणको जिम्मा पाएको निर्माण व्यवसायीहरुले राखेको धरौटीबाट भए पनि कट्टी गरेर राज्यलाई दिइनेछ । मध्यपहाडी भूभागका जिल्लालाई यातयात सञ्जालमा जोडी सन्तुलित विकास गर्नका लागि सुरु भएको मध्यपहाडी पुष्पलाल लोकमार्ग २०८० सालमा सक्ने लक्ष्य लिए पनि लक्ष्यअनुसार प्रगति भएको छैन। विसं २०६४ देखि सुरु भएको पाँचथरको चियो भन्ज्याङदेखि बैतडीको झुलाघाटसम्मको एक हजार ८७९ किलोमिटर सडकको निर्माण सुरु भएको थियो। राष्ट्रिय गौरवको आयोजनासमेत समयमै नसकिने छाँट देखिएको छ।

# सराङकोटको डाँडामा लालीगुराँसका बिरुवा

पोखरापत्र संवाददाता
पोखरा, १० साउन

पोखराको सुन्दर दृश्यावलोकन र सूर्योदयका लागि प्रसिद्ध रहेको सराङकोटको डाँडामा लालीगुराँसका बिरुवा रोपिएको छ।

सराङकोट बहुउद्देश्यीय सहकारी संस्था र सराङकोट धार्मिक पर्यटन क्षेत्र विकास समितिको संयुक्त आयोजनामा सराङकोटमा लालीगुराँसका बिरुवा सारिएको हो। पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले प्राकृतिक सुन्दरताले भरिपूर्ण पर्यटकीय सहर पोखरालाई थप सुन्दर गराउन खाली जगाको सदुपयोग गर्दै बोटबिरुवा र फूल रोप्न आवश्यक रहेको बताउनुभयो । उहाँले खाली जगाको सौन्दर्यकरणसँगै सहरी क्षेत्र वरपर लालुपाते र अन्य डाँडामा लालीगुराँस रोप्ने अभियानलाई महानगरले सहयोग गर्ने बताउनुभयो।

सहकारीका अध्यक्ष कृष्ण थापाले सहकारीको संस्थागत सामाजिक उत्तरदायित्व तथा वातावरणमैत्री कार्यक्रमअन्तर्गतसराङकोटरशिवमन्दिर, भ्युटावर वरिपरि ८० वटा लालीगुराँसका बिरुवा रोपिएको बताउनुभयो । उहाँले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने राष्ट्रिय फूल लालीगुराँसको संरक्षण र विकासको खाँचो औँल्याउँदै यस कार्यलाई अभियानका रुपमा अघि बढाउने धारणा राख्नुभयो । अभियानकर्मी ढाकाराम लामिछानेले पहिलो चरणमा ११ प्रजातिका लालीगुराँसका बिरुवा रोपेको जानकारी दिनुभयो । उहाँले अभियानमार्फत नेपालमा पाइने ३२ प्रजातिका बिरुवा खाली जग्गामा रोप्दै जाने बताउनुभयो । डिभिजन वन कार्यालय कास्कीका प्रमुख केदार बरालले सामुदायिक वन तथा खाली रहेका डाँडापाखामा लालीगुराँस रोपेर संरक्षण गर्नसके सौन्दर्यकरणसँगै राष्ट्रिय फूलको महत्व बढ्दै जाने धारणा राख्नुभयो।

# कमाउन थाल्यो नेपाल एयरलाइन्सले

पोखरापत्र संवाददाता
पोखरा, १० साउन

आर्थिकरुपमा कमजोर अवस्थामा रहेको राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले पछिल्लो समय आफूलाई सक्षम बनाउँदै लगेको छ । निगम व्यवस्थापनमा नयाँ नेतृत्व आउनेबित्तिकै ओभर ड्राफ्ट सीमाबाट गरिएको खर्च पूरै भुक्तानी गरिसकिएको छ।

निगमले आवश्यक परेका बेला सो सीमाभित्र रहेर वित्तीय सुविधा लिन सक्ने अवस्था रहेको उल्लेख गरेको छ । निगम व्यवस्थापनका अनुसार अहिले निगमले रु तीन अर्ब २७ करोड जतिबेला पनि चलाउन सक्छ।